म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ५ शनिबार १९ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 3 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## लागूऔषध चरेशसहित दुई जना पक्राउ

हेटौंडा, १८ साउन/मकवानपुर प्रहरीले हेटौंडा उपमहानगर पालिका वडा नम्वर-१५, चुरियामाई नजिकै पूर्व-पश्चिम सडकखण्डअन्तर्गत पिपल चौतराबाट लागूऔषध चरेशसहित दुई जना पक्राउ परेका छन् ।

प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले बिहीबार अवैध लागूऔषध चरेश १० किलो २ सय ५० ग्रामसहित दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा नवलपरासी पश्चिम रामग्राम नगरपालिका-८ बस्ने ४३ वर्षीय अनिल भर चौधरी र पर्सा सखुवा प्रसौनी गाउँपालिका-१ सथवल बस्ने २७ वर्षीय हरी गौरब रहेका छन् ।

हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना.६ ख ५८३९ नम्बरको बसलाई रोकी चेकजाँच गर्ने क्रममा बसमा सवार उनीहरुको साथबाट सो परिमाणको लागूऔषध बरामद भएपछि निजहरुलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानुनी प्रक्रिया अगाडि बढाइएको छ ।

# हेटौंडामा १५० प्रतिशतसम्म राजश्व वृद्धि, व्यवसायी आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ हेटौंडा उपमहानगरपालिकाले गुपचुपमै राजश्व दरमा वृद्धि गरेको भन्दै जिल्लास्थित व्यावसायिक संघसंस्था आन्दोलित बनेका छन् ।

उपमहानगरको १५ औं नगर सभाबाट राजश्व दरमा वृद्धि गरेको विषय साउन लागेपछि कर तिर्न आउँदा सेवाग्राहीले थाहा पाए । नयाँ राजश्व दर रहेको थाहा पाएपछि राजश्व वृद्धिको विषय बाहिर आएको छ । जब की, उपमहानगरले ७ असार २०८१ मा सम्पन्न भएको नगरसभाबाटै पास गरिसकेको थियो । उपमहानगर पालिकाले चालू आर्थिक वर्ष २०८१/८२ को लागि वाहल करदेखि व्यवसाय करमा २० देखि १५० प्रतिशतसम्म राजश्व वृद्धि गरेको हो ।



मकवानपुर उद्योग वाणिज्य संघले शुक्रबार नगर उपप्रमुख राजेश बानियाँलाई भेटेर राजश्व वृद्धिको निर्णय सच्याउन अनुरोध गरेको छ । निर्माण व्यवसायी संघ मकवानपुरले ध्यानाकर्षण पत्र लिएर आउने तयारी गरे पनि मेयर मिनाकुमारी लामा कार्यालयमा नभएकाले आइतबार मात्रै जाने जनाइएको छ । आर्थिक मन्दीको असरले पीडामा रहेका व्यवसायीहरुलाई ढाड सेक्ने गरी स्थानीय सरकारले राजश्व वृद्धि गरेको करलाई पुन: विचार गर्न मउवा संघले पालिकालाई ज्ञापनपत्र बुझाएको छ ।

उपमेयर बानियाँलाई मउवा संघका अध्यक्ष कृष्णकुमार गुप्ताले करबारे पुन: विचार गरि दिन आग्रह गरेका हुन् । 'अहिले व्यवसाय छाडेर पलायन हुने अवस्था छ, सटरहरु खाली देखिन थालेको अवस्था छ । समग्रमा उद्योग-व्यवसाय धरासायी भएको छ । यस्तो बेलामा संरक्षण गर्नुपर्छ,' अध्यक्ष गुप्ताले भने । वर्तमान विषम परि स्थितिमा उद्योग-व्यवसाय क्षेत्रलाई टिकाउन र आर्थिक क्षेत्रलाई चलायमान बनाउन राज्यका निकायहरुले सहि ढंगले अघि बढ्नुपर्ने उनको भनाइ छ ।

बैंककर्जा तथा बैंक व्याजमा सुविधा, राजश्वमा सहुलियत, नीतिगत सहजिकरण, उद्योग-व्यवसाय क्षेत्रलाई सहज सञ्चालन गर्न अन्य यथोचित व्यवस्थाको अपेक्षा गर्दै स्थानीय सरकारलाई ध्यानाकर्षण गराएको गुप्ताले बताए । राजश्व परामर्श समितिको छलफलमा समेत विद्यमान आर्थिक प्रभावलाई मध्यनजर गरी चालु आर्थिक वर्ष २०८१-८२ मा पालिकाको राजश्व दर वृद्धि नगर्ने निश्कर्ष रहेको संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले बताए । समितिमा संघको प्रतिनिधि म आफैं थिए, कर वृद्धि नगर्ने भनिएको थियो तर आफ्नै समितिको निर्णयलाई वेवास्ता गर्दै स्थानीय सरकारले राजश्व दरमा व्यापक वृद्धि गरिएको अग्रवालले बताए ।

उद्योगी-व्यवसायीहरु चर्को मारमा पर्ने मात्र हैन व्यवसाय नै बन्द हुने अवस्थामा पुगेको हुनाले यसरी एकपक्षीय रुपमा वृद्धि गरिएको विभिन्न शीर्षकका राजश्व, कर र घरवहाल कर रकम विद्यमान अवस्थामा भुक्तान गर्न नसकिने जानकारी समेत संघले जनाएको छ । समग्र उद्योगी-व्यवसायीको यस आग्रहलाई बेवास्ता गरिएको खण्डमा चरणवद्ध रुपमा आन्दोलनमा उत्रने संघले जनाएको छ ।

राजश्व परामर्श समितिका संयोजकसमेत रहेका नगर उपप्रमुख राजेश बानियाँले राजश्वमा थोरै हेरफेर भएको विषयलाई व्यवसायीहरुले धेरै बढाएको महशुस गरेको बताए । विगत लामो समयदेखि यथास्थितमा रहेको करलाई वैज्ञानिक ढंगले वृद्धि गरिएको उनको दाबी छ । व्यवसायीहरुले उठाएको विषयमा छलफलबाट समाधान निकालिने उनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत सुर्यप्रसाद गौतमले अनुगमनको क्रममा घरभाडा बढी लिइरहेको भेटिएपछि वहालकरमा वृद्धि गरिएको बताए । १२ असार मा मात्रै आएर आफूले जिम्मेवारी सम्हाल्दा राजश्वको दर वृद्धि भइसकेको बताउँदै गौतमले नगर को आयस्रोतलाई मध्यनजर गरेर निर्णय भएको हुन सक्ने प्रतिक्रिया दिए । प्रमुख प्रशासकीय अधिकृत गौतमकाअनुसार उपमहानगरको वार्षिक आय घट्दो क्रममा छ ।

महत्वपूर्ण आयस्रोतको रुपमा रहेको नदीजन्य पदार्थ उत्खनन् र बिक्री वितरण कार्य दुई वर्षदेखि बन्द गर्नपरेकाले आयस्रोत खुम्चिएको गौतमले बताए । नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी संघीय र प्रदेश कानुनमा भएका फरक-फरक प्रावधानले वातावरणीय प्रभाव मुल्यांकनमा समस्या भएकाले विगत दुई वर्षमा नदीजन्य पदार्थ उत्खनन् हुन नसकेको उनले बताए । उनकाअनुसार वार्षिक ७/८ करोड रुपैयाँ नदीजन्य पदार्थको उत्खनन् र बिक्री वितरणमा हुने गरेको थियो ।

**कहाँ कति राजश्व वृद्धि भयो ?**

७ असार २०८१ मा सम्पन्न १५ औं नगर सभाबाट ६ वटा समूहमा विभाजन गरिएको वहालकर ५० प्रतिशतसम्म वृद्धि गरिएको छ । 'ए' देखि 'एफ' समूहसम्मका करदातालाई क्रमश: ७ हजारबाट १० हजार, ६ हजार बाट ८ हजार ५ सय, ५ हजारबाट ६ हजार ५ सय तथा ४, ३ र २ हजार कर रहेकालाई थप एक हजारका दरले करमा वृद्धि गरिएको कार्यालयले जनाएको छ ।

यसैगरी, उपमहानगर पालिकाले थोक बिक्रेतातर्फ ५० प्रतिशत, 'क' वर्गको थोक तथा खुद्रा बिक्रेता र कोल्ड ड्रिंग्स तथा बेकरीमा १ सय प्रतिशतले राजश्व वृद्धि गरेको छ । सुनचाँदी गर गहनातर्फ ठूला बिक्रेताको हकमा ६६ प्रतिशत र ज्याला लिई सुनचाँदीको काम गर्नेको हकमा ५० प्रतिशतले कर बढाएको हो ।

श्रृंगार, खेलौना र उपहार बिक्रेतालाई १ सय प्रतिशत, मोटर साइकल मर्मतमा १ सय, हेभी सवारीसाधन बिक्रेतालाई ५० प्रतिशत, स्टेशनरीमा २० प्रतिशत, कृषि तथा भेटेरीनरीमा ६०, कम्प्युटर, मोबाइल तथा फोटोकपी मर्मतमा १ सय प्रतिशतसम्म कर वृद्धि गरिएको हो । ड्राइक्लिनर्सलाई १ सय ३३ प्रतिशत र सुपरमार्केटलाई १ सय ५० र मार्टलाई ८७ प्रतिशतसम्म कर वृद्धि गरिएको जनाइएको छ ।

# साझाकुरा निरन्तर 'क' वर्गमा

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुर जिल्लाबाट पहिलो पटक ठूलो आकारमा प्रकाशन थालनी गरेको साझाकुरा दैनिक प्रेस काउन्सिल नेपालको संपरीक्षणमा पुन: 'क' वर्गमा पर्न सफल भएको छ ।

२०६८ सालबाट प्रकाशन आरम्भ गरेको साझाकुरा दैनिक निरन्तर ९ औं पटक 'क' वर्गमा बर्गीकरण भएको हो । आ.व. २०७०/०७१ देखि प्रेस काउन्सिल नेपालको संपरीक्षणमा पर्दै आएको साझाकुरा हालसम्म आफ्नो गुणस्तर कायम राख्दै पुन: 'क' वर्गमा परेको हो ।




बागमती प्रदेशको राजधानीबाट प्रकाशन हुँदै आएको दैनिक ठूलो आकार, निरन्तर प्रकाशन, भाषा, साजसज्जा, समाचार, विचार, फोटो आदि प्रकाशनमा उत्कृष्ट ठहरिँदै प्रेस काउन्सिल नेपालको वार्षिक संपरीक्षणमा 'क' वर्गमा परेको हो । काउन्सिलले आर्थिक वर्ष २०७८/७९ को वार्षिक संपरीक्षणको प्रारम्भिक नतीजा शुक्रबार सार्वजनिक गरेको हो ।

प्रेस काउन्सिलले पत्रपत्रिका वितरण, प्रकाशित समाचार, विचार, फोटो, कार्टुन, साहित्य आदिलाई आधार बनाएर वार्षिकरुपमा मूल्यांकन गर्ने गरेको छ । 'क' वर्गमै समावेश भएको नतीजा सार्वजनिक भएपछि प्रतिक्रिया दिँदै पत्रिकाका प्रकाशक सविन न्यौपानेले आर्थिक मन्दीका बाबजुद गरिएको मेहनतको उचित कदर भएकोमा खुशी व्यक्त गरे । उनले कर्मचारीको कडा परिश्रम, पाठकको विश्वास र विज्ञापनदाताको निरन्तर सहयोगले साझाकुरा दैनिक अगाडि बढेको स्पष्ट पारे ।

दैनिकले शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरन्जन, यौन स्वास्थ्य, साहित्य तथा तीनै तहको सरकारले गरेको कामको नजिकबाट नियालेर सत्य तथ्य सामग्रीलाई प्राथमिकता दिँदै आएको छ ।

प्रेस काउन्सिलले सार्वजनिक गरेको वर्गीकरणको प्रारम्भिक नतिजाअनुसार हेटौंडाबाट प्रकाशन हुँदै आएको हेटौंडा सन्देश दैनिक र समृद्ध समाज दैनिक 'क' वर्गमा तथा प्रदेश दैनिक ख वर्गमा परेको छ । यस्तै ६ वटा साप्ताहिक पत्रिका 'ख' वर्गमा परेको छ भने ६ वटा 'ग' वर्गमा परेको छ । हाम्रो मातृभूमि र अक्षय अक्षर त्रैमासिक साहितियक पत्रिका 'क' वर्गमा परेको छ भने लोकभावना त्रैमासिक 'ख' वर्गमा परेको छ । एउटा पाक्षिक पत्रिका 'ग' वर्गमा परेको छ ।

काउन्सिलमा वार्षिक वितरण संपरीक्षणका लागि दर्ता भएका ९ सय वटा पत्रपत्रिकामध्ये सात सय ९३ वटा पत्रपत्रिका वर्गीकरणमा परेको जनाएको छ । ७० वटा पत्रपत्रिकाको कागजात नपुगेको, ३७ वटा हुबहुमा परेको काउन्सिलले जनाएको छ ।

## बागमतीको निरुवा खोलामा बन्यो झोलुङ्गे पुल

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका वडा नम्बर-३ चिरुवा खोलामा नवनिर्मित झोलुङ्गे पुलको उद्घाटन गरिएको छ ।

बागमती प्रदेश सांसद प्रेमबहादुर पुलामी र बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले संयुक्त रुपमा गढन-सागवीर जोड्ने झोलुङ्गे पुलको उद्घाटन गरेका छन् । प्रदेश सांसद पुलामीले अब झोलुङ्गे पुलबाट आवतजावत गर्न आग्रह गर्दै विकास निर्माणका कामले गाउँको मुहार नै फेरिएको बताए । पालिका अध्यक्ष घलानले पुलको संरक्षण र जोगाउने कर्तव्य सबैको भएको बताउँदै युवालाई श्रमसँग जोडिन आग्रह गरे ।

उनले यहाँ स्थानीय स्तर मा कृषिको राम्रो सम्भावना भएकाले पुल बनेपछि उत्पादन ल्याउन लैजान थप सहजता हुने विश्वास व्यक्त गरेका छन् ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




**ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# धेरै सेवा नि:शुल्क तर गुगलले कसरी गर्छ आम्दानी ?




गुगल एक विश्व प्रसिद्ध प्रविधि कम्पनी हो जसका विभिन्न सेवाहरु विश्वका करोडौं मानिसले प्रयोग गर्दछन् । प्रविधिका धेरै क्षेत्र, जस्तै अपरेटिङ सिस्टम र सर्च इन्जिनमा संसारमै गुगलको एकाधिकार तथा आधिपत्य छ भन्दा फरक पर्दैन ।

गुगलका सर्च इन्जिन तथा एन्ड्रोइड अपरेटिङ सिस्टम जस्ता सेवाहरुबाट संसारका धेरै मानिस लाभान्वित हुँदै आएका छन् । गुगलका यी धेरै लोकप्रिय सेवाहरु नि:शुल्क रुपमा उपलब्ध छन् ।

तर गुगल यस्तो कम्पनी हो जसले हरेक हरेक वर्ष ३ खर्ब डलरभन्दा धेरै रकम आम्दानी गर्दछ । गुगलले प्रयोगकर्तालाई अधिकांश सेवा नि:शुल्क उपलब्ध गराउँदा समेत यति धेरै आम्दानी कसरी गर्दछ छ ? आउनुहोस् यसबारेमा जानौं ।

**अपरेटिङ सिस्टमबाट आम्दानी**

विश्व स्मार्टफोन बजारमा एन्ड्रोइडको बर्चस्व छ । स्मार्टफोन अपरेटिङ सिस्टममा एन्ड्रोइडको हिस्सा करीब ८५ प्रतिशत रहेको छ ।

गुगलको अपरेटिङ सिस्टम स्मार्टफोनमा मात्र होइन स्मार्ट वाच, ट्याबलेट तथा स्मार्ट टिभीमा पनि रहेको छ । स्मार्ट वाच, ट्याबलेट तथा स्मार्ट टिभीको अपरेटिङ सिस्टमका लागि गुगलले कुनै शुल्क लिँदैन ।

तर गुगलले अपरेटिङ सिस्टमबाट मोटो कमाइ गरिरहेको हुन्छ । एन्ड्रोइडबाट गुगलले आम्दानी गर्ने प्रमुख स्रोत गुगल प्ले स्टोर, गुगल प्ले म्युजिक, गुगल प्ले बुक, गुगल प्ले गेम्स, गुगल प्ले मुभी एण्ड टिभी, गुगल प्ले न्युजस्टाण्ड रहेका छन् ।

**विज्ञापन**

गुगलको आम्दानीको मुख्य स्रोत विज्ञापन नै हो । हामीलाई थाहै छ कि गुगलले प्रयोगकर्तालाई धेरै विज्ञापन देखाएर राम्रो कमाइ गर्दछ । तपाईंले प्राय: स्मार्टफोन, ट्याबलेट तथा अन्य डिभाइसमा गुगलका कैयन् विज्ञापन देख्नुभएकै होला । धेरैले त यी विज्ञापनमा ध्यान दिँदैनौं । तर गुगलले तिनै विज्ञापनबाट निकै राम्रो आम्दानी गरिरहेको हुन्छ ।

गुगलले आफ्नो सर्च इन्जिनका अलावा युट्युब तथा गुगल म्यापबाट समेत आम्दानी गरिरहेको हुन्छ ।

त्यस्तै गुगलले गुगल क्लाउड तथा गुगल ड्राइभ सब्सक्रिप्सनबाट पनि पैसा कमाउँदछ ।

स्मरण रहोस् गुगलले आफ्नो नेभिगेसन सर्भिसका माध्यमबाट पनि मोटो रकम कमाएको हुन्छ । गुगलले यसका लागि विश्वभर धेरै एग्रिगेटर अर्थात् संकलकसँग साझेदारी गरेको छ ।

यो सेवाको प्रयोगका लागि एग्रिगेटरबाट उनीहरुको आम्दानीको करीब ३० प्रतिशत हिस्सा गुगलले असुल्दछ ।

**स्वास्थ्य**

# नियमित यौन सम्पर्कले थपि दिन्छ तपाईको सौन्दर्यमा निखार



रातो गाला, चम्किलो छाला र त्यो गुलाबी रसिलो ओठ, कल्पना गर्नुहोस् यी सबै कुराहरु पाउन पार्लरमा तपाईले कति खर्च गर्नुपर्ला । यति कुराहरु पाउन एउटा महिलाले हजारौं रुपैयाँ खर्च गर्नुपर्ने हुन्छ । तर एउटा यस्तो स्वभाविक उपाय छ जसले तपाईलाई सुन्दर देखाउने छ, त्यो पनि फ्रिमा । अध्ययनहरुले देखाएका छन् कि नियमित रुपमा गरिने स्वस्थ यौन सम्बन्धले शरीरमा रहेका विभिन्न राम्रा हर्मोनहरुको उत्पादन बढाउँछ, जसले छालालाई नरम तथा चम्किलो बनाउँछ ।

एक स्कटिस अध्ययनका अनुसार हप्तामा तीन पटक मात्रै स्वस्थ यौन सम्बन्ध राख्नाले चार वर्षको अन्तरालमा अझै जवान देखिनेछ । रोचक छ नि, हैन त ? त्यसो भए अब कल्पना गर्नुहोस् दैनिक रुपमा राखिने स्वस्थ यौन सम्बन्धले कति फाइदा गर्ला ? यी हुन् नियमित सेक्स गर्नाका फाइदाहरूह

१. प्राकृतिक चमकसुन्दरताको लागि प्राकृतिक चमक भन्दा आकर्षक अरु केही पनि छैन भन्ने कुरामा सायद तपाईहरु सबै विश्वास गर्नुहुन्छ होला । वास्तवमै नियमित सेक्सले तपाईको भित्रदेखिकै चमकलाई बाहिर ल्याउँछ । सेक्सको बेलामा निस्कने पसिनाले छालामा रहेका छिद्रहरुलाई सफा गर्छ र छालालाई चम्किलो बनाउँछ । सेक्सको बेलामा स्वत: छालामा निस्कने लिनोलिक जस्ता चिल्लो पदार्थले छालालाई मोस्चराइज गर्दछ । नियमित सेक्सले शरीरमा टेस्टेस्टोरेन तथा ओस्ट्रोजिनजस्ता हर्मोनको उत्पान बढाउँछ, जसले तपाईको अनुहारलाई जवान र चम्किलो बनाउँछ । यहि कारणले नै महिलाहरुको मुहारमा बिवाहपछि निखारता आउँछ ।

२. युवापनको मुलबजारमा पाइने अनेक थरी क्रिमहरुलाई भुल्नुहोस्, सेक्सले तपाईलाई ७ वर्ष जवान देखाउँछ । क्लिनिकल न्यूरोसाइकोलोजिस्ट डेभिड विक्सले गरेको एक अध्ययनका अनुसार नियमित सक्रिय रुपमा सेक्स गर्ने वयस्क मानिसहरु उनीहरुको वास्तविक उमेर भन्दा ५ देखि ७ वर्ष कम उमेरका देखिन्छन् । क्लिनिकल न्यूरोसाइकोलोजिस्ट विक्सले भनेका छन्, सेक्सबाट युवापनको फाइदा लिनको लागि दैनिक रुपमा सेक्स गर्नुपर्छ भन्ने छैन । मात्राभन्दा गुणस्तर महत्वपूर्ण कुरा हो । यदि कुनै यौन सम्बन्ध नियमित काम जस्तो भन्दा पनि आरामदायी, आनन्दायी तथा मायालु भएमा यसबाट एन्टी एजिङ (उमेर नबढ्ने) गुण बढि मात्रामा लिन सकिन्छ । महिलाहरुमा छाला चाउरिने समस्या बढ्नुको कारण नै शरीरमा एस्ट्रोजिन हर्मोनको उत्पादन कम हुँदै जानु हो ।

३. चरम आनन्दको महसुससेक्स एउटा त्यस्तो कृयाकलाप हो जसले दिमागलाई एकै समयमा उत्तेजित र शान्त पार्दछ । सेक्सको समयमा शरीरले प्राप्त गर्ने आनन्दले शरीरमा अक्सिजनको मात्रालाई बढाउँछ, जसले हरेक कोषहरुलाई आराम दिन्छ । सक्रिय सेक्स जिवनले तपाईको मुडलाई शान्त राख्दछ । यौन विशेषज्ञहरुका अनुसार यो तपाईको नित्यकर्म भित्र पर्न आवश्यक छ ।

४. चम्किलो र आकर्षक कपालकपालमा देखिने रुखोपनाको समस्याले धेरैलाई सताएको हुनसक्छ । सेक्सको कारणले तपाईको कपाल प्राकृतिक रुपमा मोस्चराइज भई चम्किन थाल्छ । हरेक कपालमा मसिना रक्तकेशिकाहरु जोडिएका हुन्छन् । र सेक्सले तपाईको शरीरमा रक्तसञ्चारलाई आश्चर्यजनक तरिकाले सुधार गर्दछ । त्यसैले जति राम्रो रक्तसञ्चार हुन्छ त्यतिनै कपालले पोषण पाउँछ । सेक्सको बेलामा निस्किने हर्मोनले नङलाई पनि बलियो बनाउँछ ।

५. ओजन घटाउँछसेक्सले वास्तवमै पातलो बनाउँछ या बनाउँदैन भन्ने कुरा एउटा विवादको रुपमा रहेको छ । यस सम्बन्धी थुप्रै अनुसन्धानहरु भएका छन् जसले कुनलाई विश्वास गर्ने भन्नेमा प्रश्न उठेको छ । त्यसैले यहाँ हामीले कुनै अनुसन्धानलाई भन्दा प्रयोगात्मक तथ्यलाई पेश गर्न गइरहेका छौं । एकजना यस्तो महिला छिन् जसले यो विषयमा प्रयोग मात्रै नगरी यसको नतिजाको बारेमा एउटा पुस्तक समेत लेखेकी छन् ।

'द अल्टीमेट सेक्स डाइट' नामक पुस्तककी लेखिका केरी मेकक्लोस्कीले आफ्नो सेक्सकै कारण ६ महिनामा २३ पाउण्ड अर्थात साढे १० केजी तौल घटेको बताएकी छिन् । 'म पहिले भन्दा निकै स्वस्थ र खुसी छु', उनले पुस्तकमा भनेकी छिन्, 'सेक्स एउटा यस्तो डाइट हो जुन म कहिल्यै छोड्दिन् ।'

# साहित्य

**कविता**

## नेपाल



✍ **स्वर्णिका महर्जन**

*कक्षा : ७, नवोदय शिशु सदन*

नेपाल मेरो प्यारो देश
छन् यहाँ धेरै
जातिजाति र भेषहरु
सगरमाथा हो
नेपालको चुली हिमाल
जातजातिहरु छन् यहाँ
जस्तै प्रधान र रिमाल

चराचुरुङ्गीहरुले भरिएको
देश हाम्रो
बुद्ध जन्मिएको प्यारो देश
हरियो वातावरणले
भरिएको छ यहाँ
यहाँ जस्तो आराम
पाइन्छ कहाँ ?

नेपाल हो देश हाम्रो
झण्डामा छ भिन्न आकार
यहाँ पाइन्छ विभिन्न
जडिबुटीका प्रकार

यहाँ छन् धेरै चाडपर्व
एकअर्कामा हुन्छ मेलमिलाप

यहाँ छन् धेरै
हिमाल र नदीनाला
मठमन्दिर र गुम्बा
यहाँका पहिचान
डाँफे, मुनाल
थरीथरीका पर्वत
देश नै हो सबथोक
देश रहे रहन्छ हाम्रो पहिचान

**कविता**

## निश्चल प्रेमको आकृति

✍ **सुशिला शर्मा**

समय अनुसार अर्थ नै बदली रहने
मायाको मैले भेउ पाउन छोडे,
कैले यसको पछि आफू त
कैले आफ्नो पछि यो ।।

जति उमेर सानो छ आफ्नो मायामा
अरू कुदेको थाहा पाए,
तर जति बढ्छ उमेर आफूले यसलाई
पाउन कुदिने भेउ पाए ।।

विराट संसार लाग्छ आफ्नै
अँजुली भित्र कैद,
जब प्रेमिल मानिस मुस्कुराउँछ
आफ्नै आँखा अगाडि,
तारापुन्जहरूको बर्सात हुन्छ धर्ती माथि,
प्रेमिल तरङ्गले सुन्दर हुन्छ
मानव बस्ती ।।

त्यो बगैंचाले आफ्नै निमित्त
फूलहरू सजाए जस्तो,
फूलहरू आफैँसँग लजाए जस्तो,
कोपिलाहरूले सुसज्जित यौवनकाल
पर्खिए जस्तो,
वयस्कहरू आफ्नै विगत सम्झेर
रमाए जस्तो ।।

प्रेमको पथ सुन्दर लाग्छ,
कल्पनामा अझै सुन्दर हुन्छ !!
यथार्थमा छोएर लाग्ने दाग भन्दा
सपनाको संसारमा अझै मूल्यवान् हुन्छ ।।

अधिक सामीप्यमा, सुन समेत पित्तलमा
परिणत भएको आभास हुन्छ,
निश्चल सरोवर पनि छोए पछि नै
धमिलिन्छ,
त्यसैले माया कहिले कहीँ,
केवल दृष्टिका लागि मात्र बनेका हुन्छन्,
केवल महसुसका लागि अवतरित हुन्छन्,
जसरी,
प्रकृतिलाई हेर्दा आनन्द मिल्छ,
त्यो अमूल्य प्राण रक्षाको वायु पनि
केवल महसुस मात्र गर्न सकिन्छ,
जसले सम्पूर्ण जीवन अस्तित्व बचाएको छ ।।
तसर्थ पनि
माया, जन्म जन्मको निमित्त अमर हुन्छ,
जब आफैं र ईश्वरबाट सृष्टि भएको
दिव्यता सँग गर्न सकिन्छ ।।

**लघुकथा**

## माइला बाको डोको



✍ **दिवाकर भट्टराई**

"ए माइला ! डोको लिन घरसम्म आइपुगे, तयार छ कि के छ ?" एकबिहानै झिसमिसे उज्यालोमा माइला बाको घर अघिल्तिर देखिन्छन् गाउँका काजी धनपति । "गीतामा भनिएको छ- निष्काम कर्म गर तसर्थ प्रायजसो हामी आफ्नो स्वार्थको लागि कर्म गर्छौ, त्यसैले यसको फल पनि त्यस्तै हुन्छ । कर्म निश्चित छ, कुशल कर्म ले सुख प्राप्ति हुन्छ ।"

काजीका यी वाक्यहरु कानमा नपुग्दै माइला बा ढोका अघिल्तिर मलिन मुद्रामा काजीलाई हेर्दै आफ्नो गल्ति स्वीकार गर्दछन् ।

माइला बाको मुख्य पेशा डोको बुन्नु हो । उनको परिवारले परापूर्वकालदेखि यो पेशा धान्दै आइरहेका छन् । भनिन्छ, उनले प्रयोग गर्ने बासको चोयाबाट बनेको डोको हालसम्म अरुले त्यति बलियो बनाउन सकेको पाइँदैन रे । "डोको बोक्नुस्, कम्तिमा पाँच वर्ष ढुक्क," माइला बाको यो भनाइ सात गाउँसम्म प्रचलित छ ।

काजी रिसाउने स्वाभाविकै भयो तर पनि काजीले भनेको भोलीपल्टै डोको तयार गर्नु सहज पक्कै थिएन । माइला बाले पनि भोलिनै तयार गर्छु भनेका पनि थिएनन् । उता काजीलाई भने आफै माइलाको घरमा सबेरै धाउँदा समेत वास्ता नगर्ने भन्ने कुराले मनमा चिसो पसेको हुन्छ । 'पछि भेटौला माइला !' भन्दै आफ्नो बाटो लाग्छन् काजी ।

माइला बा बिहान सबेरैदेखि साँझ घाम नअस्ताउँदासम्म निरन्तर खटिएर आफ्नो काममा लागि रहन्थे ।जो कोही मेहनती मानिस काम गर्न आलेटाले गर्दैन । अरूको नजरमा सानोतिनो जस्तो देखिने काम पनि रमाई-रमाई गर्छ । आफ्नो व्यक्तिगत आवश्यकता पूरा गर्न अनि अरूलाई मदत गर्न परिश्रम गर्छ,त्यस्तै छन् माइला बा ।

उता काजी घर पुग्छन्, काजी जस्तो मान्छेले पनि डोको ल्याउन नसकेकोमा खिसिटिउरी गर्दै आफ्नै पत्नीले जिस्किएको महसुस गर्छन् काजी । उनले माइला बा लाई कसरी सजाय दिन सकिन्छ भन्ने सोच्दै थिए । पानी बोक्न डोको निकै अपरिहार्य पनि थियो किनकि फेदिबाट आधाघण्टा लगाएर पानी बोकेर आउनुपर्ने विडम्बना थियो । काजीको सपरिवार बिहान मन्दिर दर्शनको लागि निस्किए तर काजी भने टीका र प्रसाद मात्र लिने भनेर घरमा बसे, पूजाआजा सकिएपछि परिवारहरु घर फर्कनेक्रममा बाटोमा पहिरो गएको कारणले सुरक्षाको कारण देखाउँदै बाटो बन्द भयो उनीहरू कोही पनि फर्कन पाएनन् । त्यसदिन घरमा काजी एक्लै बस्नु पर्यो ।

भोलिपल्ट, माइला बा डोको काधमा बोकेर काजीको घरमा पुग्छन् । माइला बाको मनमा अनेक कुराहरु खेल्छन डराउँदै डराउँदै ढिलो भयो काजी साब ! माफी दिनु होला भन्दै ढोका ढकढक्याउदा घरमा काजी बेहोश अवस्थामा देखेपछि, छिमेकीहरूको आग्रहमा त्यही डोकोमा बोकेर स्वास्थ्य चौकी लैजान्छन् । केही समयपछि काजीको होस आउँछ, माइला, माइला ! भनेपछि माइला बाकाजी सँगै बिरामीको ओछ्यानमा बस्छन् । काजीले अङ्कमाल गरेर रुँदै भने "मैले चिन्न सकेको रहेनछु माइला ! तिमीलाई र तिमो डोकोलाई ।"

**कविता**

## पुस्तक



✍ **प्रसङ्ग श्रेष्ठ**

*कक्षा : ४, नवोदय शिशु सदन*

पुस्तक ज्ञानको सागर
जीवनमा दिन्छ
यसले जोस र जाँगर
पुस्तक मेरो प्यारो साथी
बनाउँछ यसले
मेरो ज्ञान माथि

हसाउँछ पनि पुस्तकले
रुवाउँछ पनि पुस्तकले
पुस्तकले दिन्छ ज्ञान
बढाउँछ समाजमा सम्मान

मलाई लाग्छ पुस्तकको माया
भगाउँछ यसले अज्ञानताको छायाँ
पुस्तक सबैले पढ्नुपर्छ
पुस्तकको आदर गर्नुपर्छ

**कविता**

## साथी



✍ **साङ्गेल लामा**

*कक्षा : ७, नवोदय शिशु सदन*

ए मेरो साथी आउन बस पढौं सँगसँगै
खेलौं र हाँसौ र गाऔं रमाइलो मनाउँदै

आउन साथी लिऔं हामी शिक्षा
जाऔंला हामी लिनलाई शिक्षा हाँस्दै र खेल्दै

हामीले शिक्षा लिएर ठूलो मान्छे बन्नु छ
लिएको शिक्षा अरुलाई बाढी जाँदै नै खेर

साथी हामी मिली बनाउछौं देश
आफ्नो देशको बिर्सिन्नौं भाषा र भेष

# चित्रकला





**दिपाशना थापा**

जी.एस. निकेतन मा.वि. हेटौंडा

# प्रदेशमा कृषिको आधा दरबन्दी खाली, सिंहदरबारमा पद माग्दै आन्दोलन



काठमाडौं/कर्णाली प्रदेशमा कृषितर्फ २१ जना प्राविधिक उपसचिवको दरबन्दी छ । तर अहिले जम्मा २ जनाको कार्यरत छन् । सातौं र आठौं तहका ४९ अधिकृतको दरबन्दी छ, तर ७ जना मात्रै काममा छन् ।

कर्णालीको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतका अनुसार प्रदेशमा ४० प्रतिशत कृषि प्राविधिक पद रिक्त छ । 'प्रदेशमा कृषि सम्बन्धी प्राविधिक सेवा दिन समस्या भइरहेको छ,' उनले अगाडि भने, 'प्रदेश लोकसेवाबाट पदपूर्ति भइरहेपछि रिक्त पदको संख्या ठूलो छ ।'

सुदूरपश्चिम प्रदेशको अवस्था त्यस्तै छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रशासन तथा सहकारी विकास शाखाका अधिकृत मोहनचन्द्र जोशी कृषि प्राविधिकको दरबन्दीअनुसार पदपूर्ति नहुदा करारमा कर्मचारी राख्नु परेको छ । '५० प्रतिशत भन्दा बढी कृषि प्राविधिक पदमा स्थायी पदपूर्ति भएको छैन,' उनले भने, 'करारमा राखेकाहरूलाई गन्दा समेत ४० प्रतिशत पद रिक्त छन् ।'

उनका अनुसार मुख्यगरी कृषि प्राविधिका माथिल्ला पदहरुमा बढी दरबन्दी खाली छन् । यसले प्रदेशको कृषि सेवालाई बलियो बनाउन गाह्रो भएको जोशीको भनाइ छ । 'एक त समायोजन भएरै काम मान्छे आउनुभयो, आएकामध्ये पनि कतिपय बढुवा भएर संघमै फर्किनुभयो,' उनले भने, 'कतिपय अवकाश भएर गइसक्नुभयो, थप पदपूर्ति हुन नसक्दा समस्या विकराल छ ।'

लुम्बिनी प्रदेशमा पनि २५१ कृषि प्राविधिकको दरबन्दीमध्ये ३८ प्रतिशत रिक्त छ । 'बढीजसो उपसचिव र अधिकृतिस्तरकै पद रिक्त छन्,' को कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका कृषि प्रसार निर्देशक श्रीधर ज्ञवालीले भने, 'रिक्त स्थानमा तल्लो तहको व्यक्तिलाई जिम्मेवारी दिंदा अपेक्षित नतिजा राम्रो नआउने समस्या छ, उनीहरुलाई पदप्रतिको अपनत्व नहुँदा सेवा प्रवाहमा असर छ ।'

देशभरका अधिकांश स्थानीय तहको पनि समस्या उस्तै छ । संघबाट समायोजन भएर कृषि प्राविधिक नआएपछि कतिपयले करारमै कृषि प्राविधिक राखेका छन् । कतिपय स्थानीय तहमा मागअनुसार दरबन्दी समेत छैन ।

प्रदेश र स्थानीय तहले कर्मचारी अभाव झेलिरहेका बेला संघमा भने कृषि प्राविधिकहरू आन्दोलनमा छन् । संघीय आयोजनाहरूमा खटाएका कर्मचारीहरुले मन्त्रालयको ढोका छेकेर आन्दोलन गर्न थालेको महिना दिन बितिसक्यो । उनीहरूले कामकाज रोकेर १६ असारदेखि निरन्तर आन्दोलन गरेका थिए । ३१ असारमा कृषि तथा पुशपन्छी विकासमन्त्री रामनाथ अधिकारी पदभार ग्रहण गर्न पुग्दा कर्मचारीहरु मूल ढोकामा धर्नामै थिए । मन्त्रीको आग्रहमा १५ दिन आन्दोलन स्थगित गरेका कर्मचारीहरुले बुधबारदेखि पुन: आन्दोलन थालेका छन् ।

बिहान ९.३० देखि मध्यान्ह १२ बजेसम्म मन्त्रालयको ढोकामा धर्ना बस्ने उनीहरूको चेतावनीका कारण तय भएको कृषि विभागको वार्षिक समीक्षा गोष्ठी समेत स्थगित भयो । मन्त्री सहभागी हुने बाहेकका अन्य कुनै कृषिका कार्यक्रम नगर्न आन्दोलित कर्मचारीहरुले मन्त्रालयलाई दबाब दिइरहेका छन् । मन्त्रालयका सचिवदेखि तल्ला तहका कर्मचारीले त्यही आन्दोलन देखाएर आफ्नो नियमित जिम्मेवारीबाट पन्छिन खोजिरहेका छन् ।

न सरकारले आन्दोलित कर्मचारीहरुलाई विश्वासमा लिएर काममा फर्काउन बलियो पहल गरेको छ, न कर्मचारीहरुले देशको प्रमुख प्रशासनिक केन्द्रलाई आफ्नो माग पूरा गर्ने नाममा कामकाज नै रोक्ने गतिविधिप्रति लज्जाबोध गरेका छन् ।

संघमा परियोजनाका नाममा दरबन्दीभन्दा बढी कर्मचारी राखिंदा संघमा रहेका कृषि प्राविधिकको बढुवा नै ढिला हुने अवस्था बन्यो र उनीहरू थप पदहरू माग्दै धर्ना बस्ने अवस्था सिर्जना भएको छ । संघमा कर्मचारी थुपार्दा उता प्रदेश सरकार र स्थानीय तहले पनि कृषि प्राविधिका कर्मचारी अभाव भोग्नुपर्यो ।

**समायोजनको त्रुटि र लोभले निम्त्याएको समस्या**

कृषि मन्त्रालयका अधिकारीहरूका अनुसार अहिलेको समस्या त्रुटिपूर्ण समायोजन र संघमै आकर्षक आयोजनामा बस्ने कर्मचारीहरूको लोभको परिणाम हो ।

कर्मचारी समायोजनका बेला कृषि विकास मन्त्रालय अन्तरगत स्वीकृत दरबन्दी १९१२ मात्र थियो । तर दरबन्दी मिचेर आयोजनाहरु सञ्चालन गर्न ठूलो संख्यामा कर्मचारी संघमै समायोजन गरिदिदा अहिले समस्या भएको हो ।

त्यतिबेला अरुले जस्तै कृषिका कर्मचारीहरुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समायोजन प्रणालीमा आफ्नो रुचिअनुसार समायोजन फराम भरे । समायोजन ऐनले कर्मचारीहरुलाई प्राथमिकताका आधारमा रोज्न पाइने व्यवस्था गरेको थियो । अधिकांश कर्मचारीहरुले पहिलो प्रथामिकता संघमै समायोजन हुने रोजे । प्रदेश र स्थानीय तहहरु उनीहरुको तल्ला प्राथमिकतमा थिए । कतिपयले संघ, प्रदेश र स्थानीय तहका १२ वटा कार्यालयहरुसम्म प्राथमिकता क्रममा राखेर फारम भरेका थिए ।

धेरैले संघ रोजेपछि मन्त्रालयको नेतृत्वले स्वीकृत दरबन्दी अनुसार मात्र कर्मचारी समायोजन गर्नुपर्थ्यो । यो समयमा मन्त्रालयले कृषिमा आत्मनिर्भर बन्ने भनेर विभिन्न परियोजना चलाइरहेको थियो । कृषि आधुनिकीकरण परियोजनामा कर्मचारीको माग उच्च थियो । अन्य ६ वटा परियोजना पनि चल्दै थिए । आयोजना नहुँदासम्म विदेशी दाताहरूबाट सञ्चालित आकर्षक परियोजनामा अस्थायी दरबन्दी सिर्जना गर्दै स्थायी कर्मचारीहरूलाई खटाउने गरिएको थियो ।

दरबन्दीअनुसार कर्मचारी समायोजन गरेको भए उनीहरू या त कृषिको स्थायी दरबन्दीमा अटाउनुपर्थ्यो, नभए प्रदेश वा स्थानीय तह रोजेर जानुपर्थ्यो । तर कृषिको स्थायी दरबन्दीभित्र नपर्ने गरी उनीहरुलाई संघमै समायोजन गरियो । ६ सहसचिव, १११ उपसचिव, करिब १५० अधिकृत सहितका कर्मचारीहरुलाई यस्ता परियोजनामा काम दिने गरी समायोजन गरियो ।

समायोजन संशोधन गर्न समय दिदा केही कर्मचारीहरू प्रदेश र स्थानीय तहमा गएका थिए ।

केहीले प्रदेशमा समायोजन भएर जान खोज्दा तल आफूभन्दा जुनियर कर्मचारी पुगिसकेको भन्दै हिच्किचाए । कसैले राजनीतिक कारणले दोहोरो सहमति पाएनन् । धेरै त संघको आकर्षक परियोजनाका पदमा रहेकाले तल जान रुचि नै दिएनन् ।

संघमै समायोजन भइसकेकाले उनीहरूले कृषि मन्त्रालय मातहत संघमै पद दर्ता गर्नुपर्ने माग गरे । कृषि मन्त्रालयले प्रक्रिया अघि बढाउन खोजेको पनि हो, तर संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले थप पद दर्ता अघि बढाउन मानेन । त्यसैले उनीहरु संघका परियोजनाका पदहरु अस्थायी कायम भइरहे ।

समायोजित कर्मचारी भएपनि आयोजनामा काम गरिरहेकाहरुको कतै गणना नै नहुने अवस्था भयो । यसले गर्दा अवकास र राजीनामा कारण पदहरु रिक्त हुँदै जाँदा पनि संघले ३७८ पदहरु सबै खाली नभइन्जेल धेरै पदमा थप पदपूर्ति गर्न सक्ने अवस्था रहेन । यसले कृषि तर्फ संघमा समायोजित कर्मचारीहरुको वृत्तिविकासमा बाधा पर्‍यो । संघमा समायोजन भएका अरु कर्मचारीहरु सरह बढुवा प्रक्रियामा जान पाएनन् ।

२०७७ सालमा संघमा उपसचिवको दरबन्दीमा कृषितर्फ ५९ जनाको पद खाली हुँदा आफूहरु पनि प्रक्रियामा सहभागी हुन पाउनुपर्ने भन्दै प्राविधिक अधिकृतहरु अदालत गए । २०७८ को अन्तिममा सर्वोच्चले संघमै समायोजित कर्मचारीको अवकास, राजीनामा वा अन्य कारण खाली भएको पदमा बढुवा गर्न परमादेश दिएको थियो । तर स्थायी दरबन्दी नभएको भन्दै सामान्य प्रशासनले त्यसलाई स्वीकार गरेन ।

यही अवस्थामा उनीहरु कार्यरत आयोजना/परियोजनाको म्याद सकियो भने उनीहरु फाजिलमा पुग्छन् । त्यही डरका कारण पनि उनीहरु आन्दोलनमा उत्रिएका हुन् । आन्दोलित कर्मचारीहरुको मुख्य माग हो, कृषि सेवा पद दर्ता गरेर दरबन्दी कायम गर्नुपर्ने । पुल दरबन्दीमा रहेका उनीहरु स्थायी दरबन्दी कायम गरी रिक्त पदमा नियमित पदपूर्ति हुने व्यवस्था गर्नुपर्ने भन्दै धर्नामा छन् ।

संघमा कृषि प्राविधिकको ठूलो दरबन्दी राख्न कृषि मन्त्रालय तयार भएपनि अर्थ मन्त्रालय सकारात्मक छैन । मंगलबार कृषिमन्त्री रामनाथ अधिकारी आफैं कर्मचारीको माग सम्बोधन गर्न भन्दै फाइल बोकेर अर्थ मन्त्रालय पुगेका थिए । मन्त्रालयले परियोजनाहरुका लागि २५२ जनाको स्थायी दरबन्दी माग्दै अर्थमा फाइल लगेको हो । तर अर्थ मन्त्रालय संघमा थप दरबन्दी सिर्जना गर्न सहमति छैन ।

**अरू मन्त्रालय घेर्ने चेतावनी**

६ वर्षदेखि आश्वासन मात्रै पाइरहेको भन्दै आन्दोलनरत कर्मचारीहरुले अब अर्थ, सामान्य प्रशासन मन्त्रालयका साथै प्रधानमन्त्री कार्यालयमा धर्ना दिने चेतावनी दिएका छन् ।

आन्दोलनको नेतृत्व गरेका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका अधिकृत माधव पौडेल लोकसेवा पास गरेर सेवा प्रवेश गरेका प्राविधिक कर्मचारीमाथि म्यादी प्रहरी जस्तो व्यवहार भएको गुनासो गर्छन् । 'फाइल अर्थमा छ, अर्थले अघि बढाउन मानिरहेका छैन, दबाब बढाउँदै लैजान धर्ना बस्नैपर्ने भयो,' उनले भने । राजनीतिक स्तरबाट पद सिर्जना हुनासाथ समस्या समाधान हुने आन्दोलनरत कर्मचारीहरूको बुझाइ छ । पौडेल भन्छन्, 'कृषि मन्त्रालयले भोलि पनि आयोजनाहरू चलाउनुपर्छ, त्यहाँ हामीजस्ता कर्मचारीहरु पठाउनैपर्छ । अहिले समायोजित कर्मचारी व्यवस्थापनका लागि पद सिर्जना गर्न केको आपत्ति ?'

मन्त्रालयका प्रवक्ता हरि केसी समस्या समाधान गर्ने गरी अर्थ मन्त्रालयमा प्रस्ताव पठाइसकेको बताउँछन् । 'यो व्यक्तिको समस्या हैन, पदको समस्या हो,' उनले भने, 'त्यतिबेला स्थायी दरबन्दी नभए पनि परियोजनाका लागि चाहिने भनेर ३७८ जनालाई संघमा समायोजन गरियो, अहिले त्यसकै कारण वृत्ति विकास रोकिएकाले आन्दोलन भएको हो, समाधान खोज्दैछौं ।'

(स्रोत: अनलाइनखबर)

# 'वर एण्ड वधु'को गीतमा आँचल र विवेकको आकर्षक नृत्य



काठमाडौं/आगामी भदौ १४ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'वर एण्ड वधु'को दोस्रो गीत सार्वजनिक गरिएको छ । 'इतिहासमै चर्चा चल्छ' बोलको डान्सिङ गीतमा 'कोभन्दा को कम' भन्ने शैलीमा बिहे गर्न तम्सिएका दुई परिवारबीचको घम्साघम्सीलाई देखाइएको छ । जसमा आँचल शर्मा, विवेक कर्माचार्य, गरिमा शर्मा, विजु पार्की, कुसुम शर्मा लगायतका कलाकारहरु नृत्य गर्दै प्रस्तुत छन् ।

गीतमा राजेशपायल राई र मेलिना राईको स्वर, अर्जुन पोखरेलको संगीत र मुक्ता उदासको शब्द रचना छ । यो गीतलाई फिल्ममा कथावाचनको रुपमा प्रयोग गरिएको निर्देशक मिलन चाम्सले बताए । विवाह संस्कृतिको कथालाई उठाएको फिल्ममा विजय लामा, किरण केसी, सरिता लामिछाने, हिमेश पन्त, यमन श्रेष्ठ, रविन्द्र खड्का, अंशु महर्जन, सिता न्यौपाने लगायतको पनि अभिनय छ ।

जानुका थापा निर्माता र अमृत रिजाल (रोमानिया) कार्यकारी निर्माता रहेको फिल्ममा सुदीप बरलको छायांकन, प्रदीप भारद्वाजको स्क्रिप्ट लेखन, मिलन श्रेष्ठको सम्पादन, कविराज गहतराज र अनिसा स्याङ्देनको कोरियोग्राफी तथा हिमाल केसीको द्वन्द्व निर्देशन छ । ५० प्रतिशत रोमानियामा र बाँकी काठमाडौंमा छायांकन भएको यो फिल्मबाट विवेकले अभिनेताको रुपमा डेब्यु गरेका छन् ।

# अब रोएर फिल्म चलाइन्न : पूजा शर्मा



काठमाडौं/फिल्म 'म यस्तो गीत गाउँछु २' प्रदर्शनको बेला अभिनेता पल शाह एउटा घटनाका कारण जेल चलान भएपछि अभिनेत्री पूजा शर्मा हलमा दर्शक भेट्न जाने क्रममा पटकपटक रोएकी थिइन् । त्यसबेला उनको आँशुले नै फिल्म चलाएको टीकाटिप्पणी भएको थियो । यसपछि उनलाई रोएर फिल्म चलाउने हिरोइनको ट्याग नै दिइयो । तर, उनले अब रोएर फिल्म नचलाउने उद्घोष गरेकी छन् ।

शुक्रबार फिल्म 'रावायण'को एक कार्यक्रममा उनले भनिन्, 'अब रोएर फिल्म चलाइन्न । पल छ मसँग । सुदर्शन थापा र हाम्रो टिम आइसकेको छ ।' उनको यो कुरामा पहिला आफूले रोएर फिल्म चलाएको स्वीकारोक्ति देखिन्छ । तर, कार्यक्रम सकिएपछि उनले पत्रकारसँगको कुराकानीमा आफ्नो बोली सच्याउँदै आफूलाई रोएर फिल्म चलाउने गरेको भन्ने आरोपको जवाफ दिएको बताइन् ।

पूजा प्रष्ट पार्दै भन्छिन्, 'जुन हिसाबले मलाई प्रस्तुत गरिन्थ्यो, त्यसको उत्तर दिएको हुँ । जब मेरो व्यक्ति (पल शाह) मसँग थिएन र अहिले त्यो व्यक्तिसँग म छु भनेपछि म पूर्ण भएकी छु । दुईजनाको साथ भएपछि म अब कमजोर हुन्नँ । मैले यो मात्र भन्न खोजेको हो ।' जेलबाट बाहिर आएपछि लामो समय पल र पूजाबीच बोलचाल नै भएन । पछि 'रावायण'को लागि उनीहरुबीच मिलन भयो ।

पूजाले पलसँग सम्बन्ध विग्रिएको विषयलाई सामान्य मानेकी छन् । उनी भन्छिन्, 'सम्बन्ध सुध्रने र विग्रने आफ्नो मान्छेसँगै हुने हो । त्यो ठूलो 'इस्यू' होइन । अब सम्बन्ध विग्रिँदैछ ।' पलले भने पूजासँग सम्बन्ध विग्रिनुलाई सँगै हिँड्दा हात ठोकिनुको रुपमा अर्थयाए । उनले भने, 'सम्बन्ध विग्रिरहनु चाहिँ नराम्रो हो । सुधार्नु त राम्रो हो नि । हाम्रो सम्बन्ध सँगै हिँड्दा हात ठोकिए जस्तो मात्र थियो ।'

# 'प्रेमगीत ३' छाडेकोमा नीतिलाई पश्चाताप !



काठमाडौं/अभिनेत्री नीति शाहको नियति भनौं वा दुर्भाग्य जतिबेला ठूला ब्यानरबाट फिल्म अफर भए, ती कुनै पनि गरिनन् । पछि ती फिल्म सफल भए । जब डेब्युका लागि तयार भइन् तब सम्झौता गरेका फिल्म नै बनेनन् । लामो अन्योलतापछि डेब्यु गरेको फिल्म 'खजुरे ब्रो' पनि चलेन । यसैले यतिबेला उनलाई पहिला अफर आएका र सफल भएका फिल्म नगरेकोमा पश्चाताप हुन थालेको देखिन्छ ।

उनले हिट फिल्म 'ड्रिम्स' अस्वीकार गरेकी थिइन् । २०७९ सालमा आएको फिल्म 'प्रेमगीत ३' पनि उनलाई नै अफर गरिएको थियो । यसमा पनि उनले काम गरिनन् । 'प्रेमगीत ३' नगरेकोमा भने उनलाई पश्चाताप भइरहेको छ । बिहीबार एक हलको उद्घाटनमा अभिनेता प्रदीप खड्कासँगको भेटमा उनले पत्रकारहरुसँग कुराकानी गर्दै 'प्रेमगीत ३'मा काम नगर्नु आफ्नो गल्ती रहेको बताइन् ।

उनले भनिन्, 'त्यो मेरो गल्ती हो । 'प्रेमगीत ३' नगरेकोमा म आफ्नो गल्ती स्वीकार्छु । 'प्रेमगीत ४' चाहिँ गर्नैपर्छ भन्ने भइरहेको छ ।' 'प्रेमगीत ४'बाट अफर आएको खण्डमा काम गर्न तयार रहेको उनको आशय छ । 'प्रेमगीत ३'मा प्रदीप र नीतिको सहकार्य सम्भव नभए पनि पछि अर्को फिल्म 'कामिनो'मा उनीहरु एकसाथ काम गर्ने तरखरमा थिए । तर, यो फिल्म वर्कसपकै चरणमा थन्कियो ।

डिस होमको विज्ञापनमा पहिलोपटक एकसाथ काम गरेपछि एकअर्कासँग नजिक भएका प्रदीप र नीतिबीच फिल्मको विषयमा भने कुरा भइरहेको हुन्छ । 'खजुरे ब्रो'को बेलामा पनि नीतिले केही कुरा सेअर गरेको प्रदीप सम्झन्छन् । उनी भन्छन्, 'मलाई लाग्छ कि सही र गलत निर्णय भन्ने हुँदैन । आफूले काम गर्दै जाने हो । नीतिले राम्रो गरिरहेको छ । भविष्यमा हाम्रो सहकार्य अवश्य हुनेछ ।'

# कक्षा १२ को नतिजा :
# १२ वर्षसम्म पढाएकै अंग्रेजीमा धेरै फेल

काठमाडौं/कक्षा १२ को परीक्षा दिएकामध्ये १ लाख ८७ हजार २१ जना विद्यार्थी अनुत्तीर्ण भएका छन् । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले शुक्रबार सार्वजनिक गरेको नजिता अनुसार नियमिततर्फ २ लाख ३१ हजार २३५ जना उत्तीर्ण भएका हुन् । ३ लाख ९० हजार ८६८ परीक्षार्थीमा यो संख्या ५२.९१ प्रतिशत हो ।

यो गत वर्ष भन्दा थोरै सुधार हो । पर्याप्त शिक्षक दरबन्दी दिएको छैन, अधिकांश अनुदानका शिक्षकले पढाइरहेका छन्, विषयगत शिक्षक अभावकाका बीच यो नतिजालाई समग्रमा ठिकै मान्न सकिन्छ । तर सन्तुष्ट मान्नुपर्ने अवस्था नभएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा बताउँछन् । 'समग्रमा नतिजा केही सुधार आएको छ, तर विषयगत नतिजाहरू हेर्दा सन्तुष्ट मान्नुपर्ने अवस्था छैन' उनले भने, 'थुप्रै विषयको शिक्षक सिकाइ सुधार गर्नुपर्ने देखिन्छ ।' कार्यालयका अनुसार यो वर्ष सबभन्दा बढी अनिवार्य अंग्रेजीमा नन ग्रेडिङ (एनजी) आएको छ ।

३ लाख ८३ हजार ९२५ जनामध्ये ७२.१० प्रतिशत मात्र अंग्रेजीमा उत्तीर्ण भएका छन् । अंग्रेजी विषयमा एनजी ल्याउने विद्यार्थीको संख्या एक लाख २ हजार २०६ छ । १२ वर्षभन्दा बढी अंग्रेजी पढाउँदा पनि अंग्रेजीमै फेल हुनुले के पढायौं भन्ने प्रश्न उठेको काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनका डीन प्रा. डा. बालचन्द्र लुइँटेल बताए । 'हाम्रो शिक्षण विधि, पद्धतिमै समस्या छ जस्तो देखिन्छ' उनले भने, 'अधिकांश विद्यालयहरू अंग्रेजी माध्याममा गएको अवस्थामा पनि सबैभन्दा धेरै फेल हुनु भनेको शिक्षकको तयारी र पढाउने तरिकामै समस्या हो ।'

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकायका उपप्राध्यापक कमलराज देवकोटा पनि शिक्षण सिकाइमै प्रश्न गर्छन् । 'नर्सरी कक्षादेखि अंग्रेजी पढाउँदा पनि सामान्य बोलीचालीको अंग्रेजी लेख्न र बोल्न नसक्ने हुनु भनेको शिक्षण सिकाइकै कमजोरी हो' उनले संचार कर्मीसँग भने, 'हामीले विद्यार्थीलाई घोकेर लेख्न सिकाउँछौं, जसले गर्दा परीक्षामा लेख्न लगाएको विषयमा प्रश्न आयो भने पास हुन्छन्, नभए फेल ।'

परीक्षामा जानुभन्दा पहिला यो-यो क्षमता विकास गरि सक्नुपर्छ भनेर विद्यार्थीले सिक्ने र शिक्षकले सिकाउने नगर्दा नतिजा कमजोर आएको उनले बताए । 'लेख्नअघि पढन लगाउनुपर्‍यो, पढेको आधारमा टिपोट गर्न लगाउनुपर्‍यो, टिपोटको आधारमा वाक्य बनाउन लगाउनुपर्ने होला, तर हाम्रो सिकाइ प्रणाली त्यस्तो छैन' परीक्षामुखी शिक्षा प्रणालीमा प्रश्न गर्दै उनले भने ।

लेखा विषयमा सहभागी एक लाख ८८ हजार २०३ जनामध्ये ४७ हजार ७३३ जनाले एनजी ल्याएका छन् । सामाजिक अध्ययन तथा जीवन उपयोगी शिक्षामा ३ लाख १७ हजार ६६१ सहभागीमध्ये ५१ हजार ८९१ जना र गणितमा ५७ हजार २७० सहभागीमध्ये ८ हजार ६०८ जनाले एनजी ल्याएका छन् ।

प्रिन्सिपल एसोसियसन अफ नेपालका अध्यक्ष सुदाम गौतम पनि नतिजा शिक्षकसँगै सम्बन्धित रहेको बताउँछन् । अघिल्ला वर्षहरुमा गणित, विज्ञान, नेपालीमा देखिएको समस्या यो वर्ष अंग्रेजी, सामाजिक विषयहरुमा देखिएको भन्दै उनले भने, 'टिचिङ लर्निङ मेथोडोलोजीमा ध्यान दिन सकिएन वा समय व्यवस्थापनमा चुक्यौं ।' विद्यार्थीको नतिजा हेरेर शिक्षकहरूले शिक्षण शैलीलाई मूल्यांकन गर्नुपर्ने देखिएको उनी बताउँछन् । शिक्षा मन्त्रालय लगायतका नियामक निकायहरु नयाँ विधिमा शिक्षकलाई अपग्रेड गर्नुपर्ने र विश्वविद्यालयहरुले पनि उत्पादित शिक्षकहरू कस्ता छन्, उनीहरुको क्षमताको स्तर कस्ता छन् भन्ने आलोचनात्मक रुपमा हेर्ने बेला भएको काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनका डीन प्रा. डा. लुईंटेल बताउँछन् ।

# शेखरले नाम नदिँदा कोशी सरकार विस्तारमा ढिलाइ

विराटनगर/नेकपा एमालेसँग जुटेको सहमति बमोजिम नेपाली कांग्रेसले मन्त्री बन्नेहरुको नाम दिएको भए सोमबार नै कोशी सरकारले पूर्णता पाउने थियो । शनिबार कांग्रेस र एमालेबीच मन्त्रालय भागबण्डाको सहमति जुटेको थियो । जसअनुसार मुख्यमन्त्री सहित ५ मन्त्रालय एमाले र ४ मन्त्रालय कांग्रेसले पाउने थियो ।

एमालेसँग सहमति जुटेपछि कांग्रेसभित्र पनि एकप्रकारले भागबण्डा टुंगिएको थियो । नेताहरुका अनुसार सभापति शेर बहादुर देउवा समूहबाट २, डा.शेखर कोइराला समूहबाट १ र कृष्णप्रसाद सिटौला समूहबाट एक जना मन्त्री बन्नेगरी सरकारमा पठाउने तयारी थियो । तर आफ्नो गृह प्रदेश भएकाले एउटा मात्रै मन्त्री लिन शेखर कोइराला तयार भएनन् । उनले दुई मन्त्रालयको अडान लिएका छन् ।

'एउटा मात्रै हो भने नाम दिन्न भन्नु भएको छ, उहाँ आएपछि मात्रै थप छलफल हुन्छ,' कांग्रेसका एक नेताले भने, 'माथि भागवण्डामा कुरा मिल्न पर्‍यो अनि मात्रै यहाँ प्रक्रिया अघि बढ्छ ।' शेखरको अडानपछि कांग्रेसले मन्त्रीहरुको नाम पठाउन सकेको छैन ।

तर डा.शेखर भने मन्त्रालय टुंग्याउने पहल नलिएर भारत हिडेका छन् । 'जाने विषयमा केही भन्नु भएको छैन । धार्मिक कार्यक्रम र केही राजनीतिक भेटघाट छन् भन्ने सुनेका हो,' उनी निकट स्रोतले भन्यो, 'अब १-२ दिनमा फर्कनु होला ।'

मुख्यमन्त्री हिक्मत कार्की भने कांग्रेसबाट आउने मन्त्रीहरुको नाम पर्खेरै बसेका छन् । 'उहाँहरुको कोर्टमा बल छ, कहिले दिनुहुन्छ त्यहींले (त्यसैदिन) टुङ्ग्यान्छ', सोमबार काठमाडौंबाट विराटनगर फर्केका मुख्यमन्त्री कार्कीले भनेका थिए ।

कांग्रेस प्रमुख सचेतक गोपाल तामाङ सरकारमा जाने मन्त्रीको टुङ्गो लागेपछि मात्र प्रक्रिया अगाडि बढाउने बताउँछन् । आकांक्षी धेरै भएकाले मन्त्रीको टुङ्गो लगाउन केन्द्रलाई पठाइएको उनी बताउँछन् । सोमबार बसेको कांग्रेस प्रदेश समिति बैठकले मन्त्री छान्न मापदण्ड चाहिँ बनाएर केन्द्रमा पठाएको छ । केन्द्रको निर्णयपछि सरकारमा सहभागी हुने प्रदेश महामन्त्री भूपेन्द्र राईले बताए । कांग्रेस प्रदेश समितिले जातीय, लैङ्गिक, भौगोलिक र कार्यक्षमतालाई आधार बनाएर मन्त्री छान्नुपर्ने मापदण्ड बनाएको छ । एमालेसँग भागबण्डामा भौतिक पूर्वाधार, स्वास्थ्य, पर्यटन वन तथा वातावरण मन्त्रालय लिने कांग्रेसले सहमति गरेको छ ।

(स्रोत: अनलाइनखबर)

# 'डेडपुल एन्ड उल्भरिन'सँग 'मोदीबेनी'को प्रतिस्पर्धा

काठमाडौं/यतिबेला विश्व बजारमा धमाका मच्चाइरहेको हलिउड फिल्म 'डेडपुल एन्ड उल्भरिन' एक सातापछि शुक्रबार देखि नेपालका हलमा लागेको छ । एड्भान्स बुकिङ नै आक्रामक रहेको यो फिल्मसँग बक्स अफिस प्रतिस्पर्धामा भने नेपाली फिल्म 'मोदीबेनी' उत्रिएको छ । 'डेडपुल एन्ड उल्भरिन'को रिलिजका कारण मल्टीप्लेक्सहरुमा न्यून शोज पाएको फिल्मलाई व्यापारमा ठूलो चुनौती देखिन्छ ।

यो फिल्मसँग बलिउड फिल्म 'ओरोन मे कहाँ दम था' पनि प्रतिस्पर्धामा छ । यद्यपि, यसले त्यति ठूलो असर नगर्न सक्छ । दुई ठूला हलिउड र बलिउड फिल्मको चुनौतीका बीच प्रदर्शनमा आएको 'मोदीबेनी'लाई लगानी सुरक्षित गर्न 'वर्ड अफ माउथ' सशक्त हुन जरुरी छ । बुधबार गरिएको प्रिमियरमा राम्रो प्रतिक्रिया पाएकाले फिल्मप्रति दर्शक आकर्षित हुनेमा निर्माण टिम विश्वस्त देखिन्छ ।

पर्वत जिल्लाको मोदीबेनीमा घटेको एउटा अविश्वसनीय घटनामा आधारित भएर बनेको फिल्ममा वर्षा सिवाकोटी, अमर प्रताप श्रेष्ठ (नव अभिनेता), सरोज खनाल, प्रवीण खतिवडा, दीलिप केसी, जीवन भट्टराई, कमलमणि नेपाल, हिउँवाला गौतम, सुब्रत आचार्य, सरोज अर्याल, पूजन श्रेष्ठ, स्नेहा भट्टराई, गोविन्द सुनार, लविस गतौंला लगायतको अभिनय छ भने शंकर कोइराला निर्देशक हुन् ।

आनन्द बिक्रम क्षेत्रीको लेखन रहेको फिल्मका निर्माता दीलिप केसी र सह-निर्माता हरि श्रेष्ठ हुन् । यसमा उत्सव दाहालले छायाङ्कन र भरत रेग्मीको सम्पादन छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडामा डेंगुविरुद्ध सचेतना र्‍याली

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुरमा डेंगुविरुद्ध सचेतना अभियान सञ्चालन गरिएको छ । आफू बचौं र अरुलाई पनि बचाऔं भन्ने नाराका साथ हेटौंडामा डेंगुविरुद्ध सचेतनामूलक र्‍याली गरिएको हो ।

हेटौंडा उपमहानगर पालिका-४ नम्बर वडा कार्यालयको आयोजना एवम् सरोकारवाला निकायको संयुक्त प्रयासमा सचेतनामूलक र्‍याली गरिएको हो । स्वास्थ्य केन्द्र, रेडक्रस, महिला समूह, विद्यार्थी, शिक्षक, क्याम्पसका प्रतिनिधि, नेपाल प्रहरी, नगर प्रहरी र प्रतिनिधिसहित सचेतनामूलक र्‍याली हेटौंडाको पारिजातपथ, कर्रा, गर्दोइ हुँदै हुप्रचौरमा आएर समापन भएको थियो ।

मकवानपुरको हेटौंडा क्षेत्र गत आवमा पनि डेंगुबाट प्रभावित र उच्च जोखीममा परेको स्मरण गराउँदै अहिले सुरुवातदेखि नै वडावासीलाई माइकिङसहित सुरक्षित हुन आव्हान गरिएको ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले बताए । मकवानपुरमा चालु आर्थिक वर्षको १ साउनदेखि १८ गते शुक्रबारसम्म २९ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।




जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार ११ पुरुष र १८ महिलामा डेंगु संक्रमण पुष्टि भएको छ ।

जिल्लामा सबैभन्दा धेरै हेटौंडा उपमहानगरमा डेंगु संक्रमित भेटिएका छन् । यहाँ पुरुष ७ र महिला १६ सहित २३ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ । मकवानपुरगढी गाउँपालिकामा-२ पुरुष र २ महिलासहित चारजना तथा मनहरी र बकैया गाउँपालिकामा एक-एक जना पुरुषमा डेंगु संक्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । गत २४ घण्टामा तीन जनामा डेंगु संक्रमित थपिएका छन् ।

डेंगु एडिस एजिप्टाइ जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने रोग हो । बर्खा लागेसँगै लामखुट्टेले जमेका पानीमा फूल पार्ने गर्दछ । खासगरी वर्षाको पानी जम्ने टिनको भाँडा, पुरानो टायर, ड्रम, गमला र पानी टंयाकीमा यसले फूल पार्ने गर्दछ ।

यो रोग लागेपछि मानिसमा अत्यधिक ज्वरो आउने गर्दछ । मांसपेशी र हाडजोर्नी दुख्ने, शरीरमा बिमिराहरु देखापर्नेलगायत लक्षण यसमा देखिन्छन् । गत आर्थिक वर्ष २०८०-८१ मा ८९१ जना डेंगुबाट प्रभावित हुनुभएको थियो जसमध्ये ४५५ पुरुष र ४३६ महिला रहनुभएको छ । गत आवमा डेंगु संक्रमणका कारण जिल्लामा एक जनाको मृत्यु भएको थियो ।

# मनहरीका वडाध्यक्ष खनाल ५२ वर्षमा कक्षा-१२ उत्तीर्ण



साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मनहरी गाउँपालिका-१ का वडा अध्यक्ष शिवप्रसाद खनाल पनि कक्षा १२ को परीक्षामा उत्तीर्ण भएका छन् । ५२ वर्षको उमेरमा कक्षा १२ को परीक्षा दिएका वडाअध्यक्ष खनाल पास भएका हुन् ।

पढाइलाई उमेरले छेक्दैन भन्ने उदाहरणलाई स्थापित गर्दै उनले जीवनको यो उमेरमा पढाइलाई निरन्तरता दिएका थिए । आफ्नो छोराछोरीको उमेरका बालबालिकाहरुसँगै पठनपाठन गर्दै उनी कक्षा १२ को परीक्षामा सहभागी थिए । उनले २ दशमलव ४१ जीपीए प्राप्त गरेका छन् । यसभन्दा अघिल्लो वर्ष कक्षा ११ को परीक्षामा पनि २ दशमलव ५३ जीपीए प्राप्त गरी उनी उत्तीर्ण भएका थिए ।

'पढ्नलाई उमेरले छेक्दैन, इच्छाशक्ति चाहिन्छ' भन्ने कुरालाई खनालले चरितार्थ गरिदिएका छन् । खनालले निर्मल बहुमुखी क्याम्पस बस्तिपुरबाट परीक्षा दिएका थिए । राजनीतिक तथा सामाजिक काम गर्दा शिक्षाको अति नै महत्वपूर्ण भूमिका हुने भन्दै उनले अब पढाइलाई निरन्तरता दिने बताए । उनी १ नम्बर वडाका वडाध्यक्ष एवम् बाल जीवन ज्योति माध्यामिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका छन् ।

२०५६ सालमा एसएलसी परीक्षा उत्तीर्ण गरेका खनालले पढ्ने चाहना र इच्छा हुँदाहुँदै घरको परिस्थितिले गर्दा पढाइलाई निरन्तरता दिन नसकेर पढाइलाई बिचमै छाडेका थिए । 'घरमा समस्या थियो, आर्थिक विपन्नताले एसएलसी पछिको शिक्षालाई अगाडि बढाउन सकिनँ', उनले १२ कक्षाको परीक्षा दिने क्रममा यस्तो प्रतिक्रिया दिएका थिए ।

उनी वडाबाट समय मिल्दा बेला बेलामा विद्यालय अध्ययन गर्न समेत जाने गरे । जसले पढ्यो, त्यसले जित्यो भन्ने अभिप्रायका साथ उनी विद्यालयका अन्य विद्यार्थीहरूसंग सहभागि भएर अध्ययन गर्दै आइरहेका छन । उनी अध्ययन गरिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पनि हुन् । उनले अध्यक्ष भएपछि सो विद्यालयमा ११ र १२ कक्षा सञ्चालन गरेका थिए । खनाल दुई पटक वडाध्यक्षमा निर्वाचित भएका छन् ।

# मकवानपुर क्याम्पस र भानुभक्त क्याम्पसबीच एमओयूमा हस्ताक्षर

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुर बहुमुखी क्याम्पस (एमएमसी) हेटौंडा र आदिकवि भानुभक्त क्याम्पस (एबीसी) तनहुँले संकाय विकास, गुणस्तरीय शिक्षामा सहकार्य गर्न औपचारिक रुपमा समभ्रदारीपत्रमा हस्ताक्षर गरेका छन् ।

दुबै क्याम्पसका संकाय सदस्य र प्रशासनिक कर्मचारीहरुको उपस्थितिमा आयोजित एक समारोहमा मकवानपुर क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल र भानुभक्त क्याम्पस प्रमुख महाप्रसाद हडखलेले सम्झौता पत्रमा हस्ताक्षर गरे । यो रणनीतिक साझेदारीले दुई क्याम्पस बीच आपसी सहयोग र स्रोत साझेदारीको लागि एक रुपरेखा सिर्जना गर्ने लक्ष्य राख्ने मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख सिलवालले विश्वास व्यक्त गरे ।

दुबै संस्थाहरुले आफ्ना संकाय सदस्यहरुको व्यावसायिक सीप अभिवृद्धि गर्न डिजाइन गरिएका प्रशिक्षण कार्यक्रमहरु, कार्यशालाहरु र सेमिनारहरुमा सहकार्य गर्नेछन् । एमओयूले संयुक्त शैक्षिक परियोजनाहरु, पाठ्यक्रम सुधारहरु, र विद्यार्थी आदानप्रदान कार्यक्रमहरु लागू गरेर उच्च गुणस्तरीय शिक्षा प्रदान गर्ने महत्वलाई जोड दिने सम्झौता पत्रमा उल्लेख छ । यसको लक्ष्य विद्यार्थीलाई समृद्ध, थप विविध सिकाई अनुभव प्रदान गर्नु रहेको जनाइएको छ ।

शैक्षिक वृद्धिमा अनुसन्धानको महत्वपूर्ण भूमिकालाई मान्यता दिँदै, सम्झौताले सहयोगी अनुसन्धान पहलहरुलाई समर्थन गर्ने, दुवै क्याम्पसले अनुसन्धान परियोजनामा सँगै काम गर्ने, निष्कर्षहरु साझा गर्ने र शैक्षिक प्रकाशनहरुमा योगदान गर्दै नवाचार र खोजको संस्कृतिलाई बढावा दिने पत्रमा उल्लेख छ । यसै सन्दर्भमा आदिकवि भानुभक्त क्याम्पसका बीबीए पाँचौं सेमेस्टरका विद्यार्थीको समूहले विद्यार्थी र प्राध्यापकहरुसँग अन्तरक्रिया गर्न



मकवानपुर बहुमुखी क्याम्पसको भ्रमण गरेको थियो ।

यस भ्रमणले विद्यार्थीलाई शैक्षिक अनुभव र अन्तरदृष्टिको बारेमा छलफलमा संलग्न हुने अवसर प्रदान गरेको सिलवाल बताउँछन् । डा. सिलवालले साझेदारीप्रति उत्साह व्यक्त गर्दै भने, 'यो एमओयूले सहकार्यको माध्यमबाट शैक्षिक उत्कृष्टता हासिल गर्ने दिशामा महत्वपूर्ण कदमको प्रतिनिधित्व गर्दछ । हामी शैक्षिक उत्कृष्टता बढाउन पर्याप्त योगदान दिने गरी काम गर्छौं ।,'

भानुभक्त क्याम्पसका हडखलेले, 'हाम्रो सहकार्यले हाम्रो संस्थागत क्षमतामा वृद्धि मात्र गर्दैन तर साझा ज्ञान र स्रोतहरु मार्फत हाम्रा विद्यार्थी र संकायलाई पनि फाइदा पुग्नेछ ।

यो साझेदारीले ल्याउने अवसरहरुप्रति हामी उत्साहित छौं ।,' हालैका विद्यार्थी आदान प्रदानका साथसाथै यस एमओयूमा हस्ताक्षरले देशभरका उच्च शिक्षा र अनुसन्धानको स्तरलाई माथि उकास्ने उद्देश्यका साथ नेपालका शैक्षिक संस्थाहरुबीचको भविष्यमा सहकार्यका लागि उदाहरण स्थापित गर्ने अपेक्षा गरिएको छ ।

# मकवानपुरगढीका एसईईमा उत्कृष्ट विद्यार्थीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) मकवानपुरगढी गाउँपालिका समितिले २०८० सालको एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरेको छ ।

गाउँपालिकाको ९ वटा विद्यालयबाट एसईई परीक्षामा सहभागी भई उत्कृष्ट नतिजा ल्याउने ४८ जना विद्यार्थीलाई सम्मान गरिएको थियो । नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज विजय गौतको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा उनले जनप्रतिनिधिहरुको मुख्य ध्यान शिक्षामा हुनुपर्ने बताए । कार्यक्रममा नेता गौतमले विकास भनेको सडक, पुल, तटबन्धन मात्र नभएको बताए ।

प्रभावकारी शिक्षण सिकाईको लागि सोही अनुरुपको सिकाई बाताबरण निर्माण गर्नेतर्फ मकवानपुरगढीका जनप्रतिनिधिको चासो हुनुपर्ने उनको जोड छ । कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिन, नेकपा (माओवादी केन्द्र) मकवानपुर जिल्ला संयोजक भीम पाखिन, नेकपा माओवादी केन्द्र मकवानपुर सचिव बिर बहादुर घलान (ज्वाला), बागमती प्रदेश कमिटी सदस्य तथा मनहरी गाउँपालिका उपाध्यक्ष सीतापुलामी मगरलगायतको आतिथ्यता थियो ।

यसैगरी, अखिल क्रान्तिकारी बागमती प्रदेश कमिटी सचिव रामकृष्ण शिवाकोटी, अखिल क्रान्तिकारी केन्द्रीय सदस्य राजेन्द्र मोक्तान, अखिल क्रान्तिकारी मकवानपुर जिल्ला कमिटी अध्यक्ष बुद्धराज अर्याल, सहसचिव सुजन सिलवाल, कोषाध्यक्ष अनिल बसेल, सदस्य दिपिका तुम्लिङ, पबित्रा बिकलगायतको आतिथ्यता रहेको थियो । अखिल क्रान्तिकारी गाउँ कमिटीका अध्यक्ष कल्पना दर्लामी मगरको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# बागमतीका प्रदेश प्रमुख देवकोटाद्वारा पदभार ग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ बागमतीका प्रदेश प्रमुख दिपक प्रसाद देवकोटाले शुक्रबार आफ्नो कार्यालयमा आएर पदभार ग्रहण गरेका छन् । बिहीवार मात्रै राष्टपति रामचन्द्र पौडेल मार्फत सपथग्रहण गरेका देवकारोटले आजै पदभार ग्रहरण गरेका हुन् ।

नवनियुक्त प्रदेश प्रमुखलाई निबर्तमान प्रदेश प्रमुख यादब चन्द्र शर्माले पदभार ग्रहण गराए । शर्माले आफु बस्दै आएको प्रदेश प्रमुखको कुर्सीमा देवकोटालाई बसाए । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामा, बागमती प्रदेशका सभामुख भुवन कुमार पाठक लगायतकाको उपस्थिति रहेको थियो ।

बुधबार प्रदेश प्रमुखमा नियुक्त भएका उनले बिहीबार पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए । राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिस अनुसार बुधबार संविधानको धारा १६३ को उपधारा २ बमोजिम उनलाई प्रदेश प्रमुखमा नियुक्त गरेका थिए । बागमती प्रदेशमा यसअघि यादवचन्द्र शर्मा प्रदेश प्रमुख थिए ।


## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुन: जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिरनेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhababini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००२७०१ | लक्ष्मण कार्की | थाहा-०२, मकवानपुर |



## हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...



Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा



२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा

सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालकः भेष खड्गी

हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना